**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।८० सालको निर्णय नं. २१६**

**पुनरावेदन नं. ०७७-RB-००२८**

**मुद्दाः– अन्तशुल्क (२०७२/०७३) ।**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा न. ३५ तीनकुने स्थित श्री जगदम्वा सिमेन्ट ईण्डष्ट्रिज प्रा. लि. (स्थायी लेखा नं. ५००२०९७१२) का तर्फबाट कम्पनीका अध्यक्ष टिकाराम न्यौपाने..........................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाण्डौ........................................१<br>राजस्व अनुसन्धान विभाग हरिहरभवन, ललितपुर.........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- राजस्व अनुसन्धान विभाग हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः उप-महानिर्देशक श्री गोविन्द बहादुर बानिया

शुरु कार्यालयको निर्णय मितिः–२०७३/११/१५

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विनोद बहादुर कुवँर

निर्णय मितिः- २०७६/११/२२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री डासीराम खनाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री विकास वन्जारा

**अविलम्वित नजीरः ×**

राजस्व अनुसन्धान विभाग हरिहरभवन, ललितपुरबाट करदाताको आ.ब. २०७२।०७३ को अन्तःशुल्क निर्धारण गर्ने गरी मिति २०७३/११/१५ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६/११/२२ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र अन्तशुल्क ऐन, २०५८ को दफा १९(६) बमोजिम पुनरावेदन पर्न आएकोमा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पुनरावेदक करदाता जगदम्वा सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि.को आर्थिक बर्ष २०७२।०७३ को लागि मिति २०७३।११।०१ मा स्वीकृत अन्तःशुल्क परिक्षण प्रतिवेदन बमोजिम करदाताको कारखानाबाट सिमेन्ट विजक जारी नगरी बिक्री गरेको देखिएकोले अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ बमोजिम अन्तःशुल्क, जरिवाना र विलम्व दस्तुर फागुन सम्मको गरी जम्मा रु.१४,७३,९४३।- को प्रारम्भिक अन्तःशुल्क निर्धारण गर्ने गरी राजस्व अनुसन्धान विभाग हरिहरभवन, ललितपुरबाट मिति २०७३।११।०१ मा जारी भएको आदेश।

२. राजस्व अनुसन्धान विभाग हरिहरभवन, ललितपुरबाट मिति २०७३।११।०१ मा जारी भएको सुचना करदाताले मिति २०७३।११।०२ मा बुझिलिई लिखित जवाफ मिति २०७३।११।१५ मा पेश गरेको ।

३. करदाताले पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा अन्तःशुल्क कर, जरिवाना र विलम्व शुल्क समेत जम्मा रु.१४,७३,९४३।- अन्तःशुल्क नियमावली २०५९ को नियम ६क(२) बमोजिम अन्तिम अन्तःशुल्क कर निर्धारण आदेश जारी गर्ने गरी राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरबाट मिति २०७३।११।१५ मा भएको निर्णय पर्चा ।

४. राजस्व अनुसन्धान विभाग हरिहरभवन, ललितपुरले मिति २०७३/११/१७ मा जारी गरेको आ.व. २०७२/०७३ को अन्तःशुल्क तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी जगदम्वा सिमेन्ट इण्डष्ट्रिज प्रा. लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०१/२९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. निवेदकले कारखानाबाट उत्पादित मौज्दातमा घटी देखिएको ७५,६४५ बोरा सिमेन्ट वीजक नै जारी नगरी वा गैह्र कर वीजक जारी गरी बिक्री गरेको अवस्था देखिँदा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ को उपदफा (१) को (घ) को अवस्था हुँदा सोही ऐनको दफा ३ संग सम्बन्धित अनुसुची अनुसारको अन्तःशुल्क दरबन्दी प्रतिबोरा

रु.९ ले हुने रु६,८०,८०५।— अन्तःशुल्क निर्धारण गरी सोही ऐनको दफा १६ को उपदफा ६(क) को कसुर गरेको अवस्था हुँदा शतप्रतिशत जरिवाना तथा दफा १०(झ) अनुसारको विलम्व शुल्क समेत गणना गरी जारी गरेको अन्तिम अन्तःशुल्क निर्धारण आदेश कानूनसम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६/११/२२ मा भएको निर्णय।

६. करदाता कम्पनीले उद्योगको निरीक्षण परीक्षण गर्दाका बखत आर्थिक विवरणहरुसंग सम्बन्धित सम्पुर्ण हिसाब किताव, बिल भौचर, खरिद बिक्री सम्बन्धी बिल वीजक, खरिद बिक्री खाता, लेजर खाताहरु र मुल्य अभिबृद्धि कर खाताहरु नै पेश गरिएको छ। कारखानामा संलग्न कच्चा पदार्थ, अर्ध तयारी सामान, उत्पादन, बिक्री र अन्तिम मौज्दातको विस्तृत विवरणको प्रमाणित आधार कम्पनीले अन्तःशुल्क ऐन तथा नियमावली बमोजिम समय समयमा गरिरहेको छ। बास्तविक उत्पादनलाई कम देखाउने कार्य यस कम्पनीले नगरेको र कर्मचारीको गल्तीले उत्पादनको लागि खपत भई सकेको कच्चा पदार्थ स्टक बुकमा समायोजन गर्न छुट भएको हुँदा उत्पादन, बिक्री र अन्तिम मौज्दातमा फरक परेको हो भनी कम्पनीको आधिकारिक व्यक्तिबाट बयानमा खुलाएको अबस्थामा समेत अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ को उपदफा (१) को (घ) को अवस्था र दफा १६ को कसुर गरेको भनि ७५,६४५ बोरा सिमेन्टलाई आधार लिई गरिएको अन्तःशुल्क, जरिवाना र विलम्व शुल्क त्रुटिपुर्ण र अनुचित रहेकोले अन्तशुल्क ऐन, २०५८ को मर्म एवं भावना विपरित हुने गरि गरिएको अन्तिम अन्तशुल्क निर्धारण, जरीवाना र विलम्व शुल्क समेत बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७६/०१/२२ मा यस न्याधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०४/२९ मा भएको आदेश ।

८. यसमा मिति २०७३।०१।२४ को नेपाल सरकार मन्त्रीस्तरिय निर्णय अनुसार मिति २०७३।०१।२९ को पत्रबाट राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक गोविन्द बहादुर बानियालाई र मिति २०७२।०६।२४ को निर्णय अनुसार निर्देशक तीर्थराज चिलुवाललाई अन्तःशुल्क अधिकृतको अधिकार प्रत्योजन गरिएको पत्रको प्रमाणित प्रतिलिपी राजस्व अनुसन्धान विभागबाट झिकाई लगाउको ०७७-RB-००२९ र

०७७-RB-००३० का मुद्दा समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०४/२९ मा भएको आदेश ।

९. मिति २०७८।०४।२९ को आदेश बमोजिमको राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक गोविन्द बहादुर वानिया र निर्देशक तीर्थराज चिलुवाललाई अन्तःशुल्क अधिकृतको अधिकार प्रत्यायोजन गरिएको निर्णयको प्रतिलिपी राजस्व अनुसन्धान विभागको मिति २०७९।०२।२५ च.न. २१५४ को पत्रसाथ प्राप्त भइ मिसिल संलग्न रहेको।

## ठहर खण्ड

१०. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री डासीराम खनालले राजस्व अनुसन्धान विभागबाट मौज्दात कितावको परिमाण र भौतिक गणनाको परिमाण फरक परेको ७५,६४५ बोरा सिमेन्टलाई समेत आधार लिई अन्तिम अन्तशुल्क निर्धारण, जरीवाना र विलम्व शुल्क समेत लाग्ने गरी गरिएको आदेशलाई आन्तरिक राजस्व विभागका महानिर्देशकबाट प्रशासकीय पुनरावलोकन गर्दा न्यायिक मनको प्रयोग समेत नगरी सदर गरिएको निर्णय कानूनसम्मत नदेखिएको हुँदा बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास वन्जाराले राजस्व अनुसन्धान विभागबाट बाट भएको अन्तशुल्क निर्धारण, जरीवाना र विलम्व शुल्क निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१२. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, राजस्व अनुसन्धान विभागबाट पुनरावेदक करदाताको हकमा भएको अन्तःशुल्क निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, अन्तःशुल्क परिक्षण प्रतिवेदन बमोजिम करदाता उद्योगको आ.ब. २०७२।०७३ मा मौज्दात कितावको परिमाण र भौतिक गणनाको परिमाण

फरक परेको ७५,६४५ बोरा सिमेन्टलाई आधार लिई अन्तःशुल्क विगो रू.६,८०,८०५।- मा शतप्रतिशत जरिवाना रू.६,८०,८०५।- गरी विलम्व शुल्क रु.१,१२,३३३।-समेत गणना गरी प्रारम्भिक अन्तशुल्क निर्धारण भएकोमा करदाताले पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा अन्तःशुल्क, जरिवाना र विलम्व शुल्क समेत जम्मा रू.१४,७३,९४३।-अन्तिम अन्तःशुल्क निर्धारण आदेश जारी गर्ने गरी राजस्व अनुसन्धान विभागबाटबाट निर्णय भएको देखिन्छ।

१४. अन्तशुल्क ऐन, २०५८ को दफा १०घ (१) (च) मा यो ऐन वा ऐन अन्तर्गत अन्तःशुल्क लाग्ने बस्तु वा सेवाको प्रतिलब्धि नपुगेमा अन्तःशुल्क निर्धारण गर्न सक्ने व्यबस्था रहेको देखिन्छ। त्यसै गरी सोही दफा १०घ. (१) (घ) मा अन्तःशुल्कको रकम कम देखाएको वा ठिक नभएको भन्ने विश्वास गर्नुपर्ने आधार भएमा पनि अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने नै देखिन्छ। मिसिल संलग्न अनुसन्धान प्रतिवेदन हेर्दा, करदाताले कारखानाबाट उत्पादित ७५,६४५ बोरा सिमेन्ट वीजक नै जारी नगरी वा गैह्र कर वीजक जारी गरी बिक्री गरेको अवस्था देखिएको भन्ने आधारमा अन्तःशुल्क ऐन,२०५८ को दफा १०घ. (१) (घ) बमोजिम जम्मा रु.१४,७३,९४३।- अन्तःशुल्क किन निर्धारण नगर्ने भनी मिति २०७३।११।१ मा प्रारम्भिक कर निर्धारण आदेश जारी गरी करदातालाई मिति २०७३।११।१ च.न. २६५४ बाट सूचना दिएको देखियो। करदाताको तर्फबाट अख्तियारप्राप्त प्रतिनिधि प्रकाश तण्डुकारले मिति २०७३।११।१५ मा पेश गरेको जवाफमा आदेश पत्रमा उल्लिखित कर रकम तिर्न बुझाउन मन्जुर भएको भन्ने व्यहोरा उल्लेख गरेको देखियो। यसरी प्रारम्भिक अन्तःशुल्क निर्धारण आदेशलाई करदाताले स्वीकार गरी अन्तःशुल्क निर्धारण गर्नु नपर्ने कुनै प्रमाण पेश समेत नगरेको स्थितिमा राजस्व अनुसन्धान विभागबाट अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ. (१) (घ) र अन्तःशुल्क नियमावली,२०५९ को नियम ६क.(२) बमोजिम करदाताको हकमा आ.व. २०७२।०७३ मा कायम रहेको अन्तःशुल्क दर प्रति बोरा सिमेन्ट रु.९ का दरले हुने अन्तःशुल्क, शतप्रतिशत जरिवाना र विलम्ब शुल्क समेत रकम गणना गरी जम्मा अन्तःशुल्क रू.१४,७३,९४३।-निर्धारण गरिएको कुरा मिति २०७३।११।१५ को निर्णय पर्चाबाट देखिन आयो।

१५. करदाताको उद्योग निरीक्षण गर्दा कच्चा पदार्थ र तयारी बस्तु सिमेन्ट घटी देखिएकोमा मौज्दात घटी कच्चा पर्दार्थबाट नर्म्स अनुसार हुने सिमेन्टको उत्पादन विवरण तथा मौज्दात घटी देखिएको तयारी बस्तु सिमेन्टको मुल्य सहितको विवरण सम्बन्धमा करदाताका आधिकारिक प्रतिनिधी प्रकाश तण्डुकारले आफ्नो सनाखत बयानमा

कर्मचारीको गल्तीले उत्पादनको लागि खपत भई सकेको कच्चा पदार्थ स्टक बुकमा समायोजन गर्न छुट भएको हुँदा उत्पादन, बिक्री र अन्तिम मौज्दातमा फरक परेको हो भनी उल्लेख गरेबाट मूल्य अभिबृद्धि कर नियमावली,२०५३ को नियम ४०(१) मा उल्लेख भएको कानूनी व्यवस्था बमोजिम मौज्दातमा घटी देखिएको ७५,६४५ बोरा सिमेन्ट बिक्री भएको मानी सोमा लाग्ने अन्तःशुल्क सम्बन्धमा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ. को उपदफा (१) को खण्ड (घ) आकर्षित हुने स्पष्ट देखिन आउँछ। सोही आधारमा घटी अन्तःशुल्क रकम दाखिला गरेको ७५,६४५ बोरा सिमेन्टको हकमा मात्र अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ (१) को अबस्था हुँदा सोही ऐनको दफा ३ संग सम्बन्धित अनुसूची अनुसार र सोही ऐनको दफा १६ को उपदफा (६) को खण्ड (क) को व्यवस्था बमोजिम तिर्नु पर्ने अन्तःशुल्क रकमको शतप्रतिशत जरिवाना रू.६,८०,८०५।- र दफा १०झ. अनुसार प्रतिदिन ०.०५ प्रतिशतको दरले हुन आउने विलम्व शुल्क रु.१,१२,३३३।-माग गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम नै राजस्व अनुसन्धान विभागबाट विलम्व शुल्क समेत जम्मा रु.१४,७३,९४३।- अन्तःशुल्क निर्धारण भएको देखिदा सो कार्यालयबाट भएको उक्त निर्णयलाई अन्यथा मान्नु पर्ने नदेखिँदा करदाताको हकमा राजस्व अनुसन्धान विभागबाट भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय बदर गरी पाउँ भन्ने पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१६. अतः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री जगदम्वा सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. (स्थायी लेखा नं. ५००२०९७१२) को राजस्व अनुसन्धान विभाग हरिहरभवनबाट मिति २०७३।११।१५ मा आ.व. ०७२/०७३ को अन्तशुल्क तर्फ अन्तिम कर निर्धारण गरेको आदेश र सोही आदेश सदर हुने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।२२ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी शुरु मिसिल राजस्व अनुसन्धान विभागमा पठाई दिनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा नियमानुसार बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीगर्न सहयोग गर्नेः-</u>

इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल फागुन २८ गते रोज १ शुभम.................................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप